# आर्थिक वर्ष २०८२।८३ को
# बजेट बक्तव्य

लुङ्ग्री गाउँ कार्यपालिकाको कार्यालय
वडाचौर, रोल्पा
पेश भएको मितिः २०८२।०३।१०
पारित भएको मितिः २०८२।०३।१०

# आर्थिक वर्ष २०८२।८३ को बजेट बक्तव्य

गाउँ सभाका सभाध्यक्षज्यू,
सभाका सदस्यज्यूहरू,
सभाका सचिव तथा सम्पूर्ण कर्मचारीहरु,
संचारकर्मी तथा पत्रकारहरु,
अन्य उपस्थित महानुभावहरु,

नेपालको संविधान जारी भए पश्चात दोस्रो पटक स्थानीय तहको निर्वाचन भई गठन भएको गाउँसभामा चौथो पटक आर्थिक वर्ष २०८२।८३ को बजेट पेश गर्न पाउँदा आफूलाई गौरवान्वित महशुस गरेको छु। यस अवसरमा नेपालको राजनैतिक अग्रगमन लोकतन्त्रको सबलीकरण एवं संविधान निर्माण मार्फत राज्यको पुनः संरचनाका लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनयुद्ध, मुक्ति युद्ध लगायतका आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दै घाइते, अपाङ्ग, असक्त योद्धाहरुको शिघ्र स्वास्थ्य लाभ र दिर्घ जीवनको कामना गर्दछु।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई संवैधानिक रुपमा सार्वभौम अधिकारको प्रत्याभूत गरेको छ। स्थानीय तहहरुको स्थापना भई संचालनमा आएको नौ वर्ष पुरा भएको छ। यस अवधिमा नागरिकहरुमा स्थानीय सरकार प्रतिको विश्वास र अपेक्षा वृद्धि हुनु स्वाभाविकै हो। नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले पनि स्थानीय सरकारसँग नागरिकका अधिक अपेक्षाहरू रहेका छन्। ती अपेक्षाहरुको सम्वोधन गर्ने जिम्मेवारी स्थानीय तहको काँधमा छ। गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहेका सिमित श्रोत साधनको उच्चतम उपयोग र व्यवस्थापन गर्दै जनताका विकास र समृद्धिका अपेक्षाहरू सम्बोधन गरी न्यायपूर्ण समाज निर्माण गर्नु गाउँपालिकाको मुख्य चूनौति हो। नेपालको संविधान, सोह्रौ योजनाको लक्ष्य

तथा उद्देश्य, दिगो विकासका लक्ष्यहरु, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, गाउँपालिकाको प्रथम आवधिक योजना, मध्ययमकालिन खर्च संरचना, जनताहरुसंग चुनावमा गरिएका प्रतिवद्धता, गाउँपालिकाको नीति तथा कार्यक्रम तथा गाउँपालिकाको आवश्यकता समेतलाई मध्यनजर गरी प्रस्तुत बजेट तयार गरेको छु। बजेट निर्माणमा महत्वपूर्ण सल्लाह तथा सुझाव दिइ बजेटलाई पूर्णता दिन अमूल्य सहयोग, सुझाव तथा सल्लाह दिने सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राष्ट्रसेवक कर्मचारीहरू, बुद्धिजीविहरू, पत्रकार, नागरिक समाज, श्रमिक वर्ग, राजनीति दलका प्रतिनिधी, गैरसरकारी संघ तथा संस्थाहरू तथा अन्य सरोकारवाला प्रति हार्दिक आधार व्यक्त गर्दै बजेट कार्यान्वयनमा समेत सकारात्मक तथा रचनात्मक सहयोगको अपेक्षा गरेको छु।

**सभाध्यक्ष महोदय,**

अव म चालु आर्थिक वर्ष २०८१।८२ को बजेट तथा कार्यक्रमहरुको संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु।

- चालु आर्थिक वर्षमा संशोधन सहित आय अनुमान रु ४७ करोड २१ लाख ९ हजार १ सय ५० रुपैयाको गरिएकोमा हालसम्म ४२ करोड ८७ लाख ४८ हजार ९ सय ९६ अर्थात ९०.८१ प्रतिशत आम्दानी भएको छ। संघीय समानीकरण अनुदान रु ८ करोड ८८ लाख प्रक्षेपण भएकोमा हालसम्म ८ करोड ७ लाख ४८ हजार ८ सय मात्र प्राप्त भएको छ। जुन विनियोजन भन्दा ७२ लाख ५१ हजार दुई सय कमी हो। प्रदेश समानीकरण अनुदान प्रक्षेपण बमोजिम ५६ लाख ३९ हजार सम्पुर्ण प्राप्त भएको छ। संघीय राजस्व बाँडफाँड १० करोड अनुमान भएकोमा हालसम्म ८ करोड २९ लाख ४६ हजार २ सय १९ प्राप्त भएको छ भने प्रदेश राजस्व बाँडफाँडको रकम रु ३७ लाख ९२ हजार अनुमान भएकोमा हालसम्म ५२ लाख ७४ हजार ५ सय ३६ प्राप्त भएको छ । आन्तरिक राजस्वको अनुमान ५४ लाख ४२ हजार १ सय ५० गरिएकोमा हालसम्म रु.६१ लाख ३३ हजार २ सय ३३ संकलन भएको छ।
- चालु तर्फ रु.३० करोड ९५ लाख ८० हजार बिनियोजन गरिएकोमा हालसम्म रु २२ करोड २६ लाख १० हजार १ सय ८७ अर्थात ७२ प्रतिशत खर्च भएको देखिन्छ। त्यसैगरी पूँजीगत तर्फ रु १६ करोड २५ लाख २९ हजार १ सय ५०

मात्र विनियोजन गरिएकोमा हालसम्म रु ६ करोड २२ लाख ७ हजार ६ सय ७ अर्थात ३९ प्रतिशत खर्च भएको देखिन्छ।

**अब म आर्थिक बर्ष २०८२।८३ को बजेटको उद्देश्य र प्राथमिकताहरु पेश गर्न अनुमति चाहन्छु।**

**<u>बजेटका उद्देश्यहरु</u>**

- उत्पादन र उत्पादकत्वमा वृद्धि मार्फत आयआर्जनमा बढोत्तरी,
- गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य स्वास्थ्य सेवा,
- शैक्षिक गुणस्तरमा सुदृढ गरी शिक्षामा सम्पुर्ण बालबालिकाहरुको पहुँचको सुनिश्चितता
- कृषि तथा पशुपालन क्षेत्रमा व्यवसायिकता प्रवर्धन,
- सामाजिक संरक्षण र विकास मार्फत समाजिक न्याको स्थापना,
- गुणस्तरिय सार्वजनिक सेवा र सुशासन प्रवर्धन

**<u>बजेटका प्राथमिकताहरु</u>**

- उद्यमशीलता र रोजगारी सृजना,
- प्रतिफलयुक्त गुणस्तरिय भौतिक पूर्वाधारमा लगानी र विस्तार।
- निर्माण भएका पूर्वाधारहरुको संरक्षण र उपयोग
- सामाजिक क्षेत्रमा लागानी विस्तर र गुणस्तरियतामा सुधार,
- सन्तुलित विकास र दिगो विकासको सुनिश्चितता
- स्थानीय सामाजिक, संस्कृतिक र भौगोलिक पहिचानहरुको संरक्षण र प्रवर्धन
- नागरिकमैत्री सेवा, भ्रष्टाचार नियन्त्रण तथा शासकीय सुधार।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८२।८३ को लागि लुङ्ग्री गाउँपालिकाको अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु।**

संघीय र प्रदेश सरकारबाट प्राप्त विभिन्न स्रोत अन्तरगत बजेटका सिलिङ, गाउँपालिकाको आन्तरिक आयको अवस्था र हालसम्म भएको बजेट खर्चको

अबस्थालाई औल्याई आगमी आ.व.२०८२/८३ को लागि स्रोतगत बिनियोजन निम्न अनुसार रहेको छ।

- नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान-रु.८ करोड ९९ लाख
- नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदान- रु.२० करोड ४७ लाख
- नेपाल सरकारबाट प्राप्त हुने विषेश अनुदान- रु.१ करोड ६५ लाख
- नेपाल सरकारबाट प्राप्त हुने समपुरक अनुदान-रु. ६१ लाख
- स्थानीय पुर्वाधार सहयोग कार्यक्रम संचालनको लागि नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदान- रु २ करोड ७७ लाख
- लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान- रु ५९ लाख १० हजार
- लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान- रु ७० लाख
- लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने विषेश अनुदान-रु २० लाख
- लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान-रु.७५ लाख
- संघीय राजस्व बाँडफाँड बाफतको रकम- रु.९ करोड ९५ लाख २७ हजार १ सय ४१
- प्रदेश राजस्व बाँडफाँड बाफतको रकम-रु ८८ लाख ८३ हजार
- आन्तरिक राजस्व अनुमान-रु ५९ लाख ४६ हजार ८ सय
- बैङ्क मौज्यात- रु.८० लाख

उल्लेखित सबै स्रोतको आय जोड्दा आगामी आ.व.को लागि गाउँपालिकाको संचित कोष मार्फत खर्च गर्न सकिने कुल आय ४८ करोड ९६ लाख ६६ हजार ९ सय ४१ अनुमान गरेको छु।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८२।८३ को लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय अनुसार शाखागत तथा वडागत बजेट विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

- वडाको आवश्यकता, वस्तिस्तरबाट प्राप्त भएका योजना/कार्यक्रमहरुको प्राथमिकीकरण, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरु संचालन तथा व्यवस्थापन लगाएतका वडा स्तरीय अन्य आधारभूत योजना तथा कार्यक्रम कार्यालय संञ्चालन तथा प्रशासनिक खर्च विनियोजनको २५ प्रतिशत नबढ्ने गरी तर्जुमाको लागि ७

वटै वडाहरुलाई आवश्कता र क्षमताको आधारमा एकमुष्ट रु.३ करोड ६० लाख विनियोजन गरेको छु।

- कार्यक्रम संचालन गर्ने विषयगत शाखा तथा कार्यक्रमगत शाखा अन्तरगत आवश्यकता र प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न तथा अनिवार्य दायित्व पुरा गर्न सशर्त अनुदान बाहेक शिक्षा शाखाको लागि रु २ करोड ४० लाख, स्वास्थ्य शाखाको लागि ३५ लाख, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको लागि रु.१० लाख, कृषि शाखाको लागि रु. ४० लाख, पशु विकास शाखाको लागि रु.२५ लाख, पञ्चिकरण तथा सामाजिक सुरक्षा शाखाको लागि रु.७ लाख, राष्ट्रिय रोजगार कार्यक्रमको साझेदारीको लागि रु.४० लाख, लघु उद्यम विकास कार्यक्रम साझेदारीको लागि रु.५ लाख र बहुक्षेत्रीय पोषण कार्यक्रम साझेदारीको लागि रु.५ लाख विनियोजन गरेको छु।

**सभाध्यक्ष महोदय,**
**अब म आर्थिक वर्ष २०८२।८३ को लागि विनियोजित कार्यक्रमको संक्षिप्त विवरण सभासमक्ष पेश गर्न अनुमती चाहन्छु ।**

**कृषि तथा पशु**

- लुङ्ग्री गाउँपालिका र गैर सरकारी संस्थाको साझेदारीमा संचालनमा रहेको "कृषि तथा पुश विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना" को अवधि चालु आ.व.२०८१/८२ मा समाप्त हुने भएकोले सो परियोजना मार्फत निर्माण भएका विभिन्न समूहहरुको क्षमता विकास, स्थापित कार्यक्रमहरुको निरन्तरता, सुरु भएको उत्पादन र उत्पादकत्व वृद्धि गरी बजारीकरणको कार्यक्रकको सुदृढीकरण गरी कृषि तथा पशु पालनमा आधारित रोजगारी सृजना र आम्दानीमा वृद्धिका लागि आवश्यक कार्यविधि बनाई कृषि तथा पशु शाखा मार्फत कार्यक्रम संञ्चालन गर्नको लागि रु १५ लाख विनियोजन गरेको छु।

- तरकारी पकेट  कार्यक्रमलाई निरन्तरता दिन संघीय शसर्त अनुदान मार्फत रु ६ लाख र रैथाने बाली प्रवर्धनको लागि रु ७ लाख विनियोजन गरेको छु।
- पशुपालन व्यवसायलाई व्यवसायिक तथा उत्पादनमुखी बनाउन कृत्रिम गर्भाधान मिसन कार्यक्रम, औषधी खरिद, निशुल्क पशु स्वास्थ्य शिविर,शाखाका कर्मचारीहरुको क्षमता विकास, पशु खोप शिविर जस्ता सालबसाली कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- कृषि पेशालाई प्रोत्साहन गरि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न तरकारीको मिनिकिट वितरण, स्प्रे ट्याङ्की वितरण, प्लाष्टिक टनेल वितरण जस्ता कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।
- कृषकको क्षमता विकास तथा स्थानीय बाली प्रवर्धन गर्न कृषकहरुलाई तालिमको व्यवस्था गरेको छु।
- कृषि तथा पशुपंछि क्षेत्रको समग्र विकास गरि आर्थिक विकासमा टेवा पुऱ्याउने चालु तथा पूँजीगत योजना कार्यान्वयनका लागि रु ८९ लाख विनियोजन गरेको छु।

**सडक तथा भौतिक पूर्वाधार**

- गाउँपालिकाका मुख्य मुख्य सडकहरूको नियमित मर्मत तथा सम्भार गरिने छ। मुल सडकहरूमा हुने अवरोधलाई हटाई नियमित संचालनका लागि प्रत्येक वडामा आवश्यक बजेट विनियोजन गरेको छु।
- बाढी तथा पहिरोबाट हुने आकस्मिक अवरोध हटाई गाउँपालिका भित्रका मुख्य सडकहरु नियमित संञ्चालनको लागि कार्यविधि बनाई कार्यान्वयन गर्न गाउपालिकाको तर्फबाट सडक मर्मत सम्भार कोष शीर्षकमा रु.१० लाख विनियोजन गरेको छु।
- गाउँपालिका तथा संघीय सरकारको साझेदारीमा झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।
- निर्माण भएका सडकहरुको दिगो उपयोग तथा स्थायित्वका लागि स्थायीय पुर्वाधार सहयोग कार्यक्रमसंगको साझेदारीमा प्राथमिकताका आधारमा प्रमुख सडकहरुको मर्मत तथा स्तरोन्नतिको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

- भैवाङ मोटरबाटो निर्माणका लागि रु १० लाख, होक्लाबाङ मोटरबाटो निर्माणका लागि रु १० लाख, मनेकोट मोटरबाटो निर्माणका लगि रु २० लाख, लम्चुती आमबोट मोटरबाटो निर्माणका लागि रु १५ लाख, लाम्पाखा बडाचौर मोटरबाटो निर्माण रु १० लाख, तल्लो गुम्चालदेखि वडा कार्यालय मोटरबाटो निर्माण रु १० लाख, दाङबासा कुङ्ग्री मोटरबाटो निर्माणका लागि रु १० लाख गाउँपालिका मार्फत विनियोजन गरेको छु।
- लालिपोखरा हुँदै रिरिप जोड्ने मोटरबाटोको निर्माणका लागि १ वडा नं. कार्यालय मार्फत रु १० लाख विनियोजन गरेको छु।

**स्वास्थ्य**

- हार्जङ स्वास्थ्य चौकी भवन निर्माणको लागि संघीय समपुरक अनुदान मार्फत निर्माण कार्य सुरु गर्न रु ७६ लाख २५ हजार विनियोजन गरेको छु।
- स्वास्थ्य संस्थाको लागि आवश्यक निःशुल्क औषधि खरिद गर्न बजेट व्यवस्था गरेको छु।
- गाउँपालिकाका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी अन्य जिल्लामा रिफर हुने सुत्केरीको लागि गाउँपालिकाबाट निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी महिलालाई यातायात खर्च, स्वास्थ्य स्वयमसेविकाको यातायात खर्च, सुरक्षित मातृत्व कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।
- १५ शैयाको अस्पतालको निर्माण कार्य अगाडि बढाउन स्वास्थ्य सेवा विभागमा प्रस्तावना पेश गरी प्रकृया अगाडि बढाईने छ।
- नेपाल सरकारद्वारा तोकिएका रोगीहरुलाई मासिक ५ हजारका दरले उपचार खर्च प्रदान गर्न संघीय सर्शत अनुदान मार्फत रु ६ लाख ४० हजार विनियोजन गरेको छू।
- नागरिक आरोग्य सेवा केन्द्र मार्फत आर्युवेदिक उपचारको प्रवर्धन र सुदृढिकरणको लागि संघीय सर्शत अनुदान र गाउँपालिकाबाट गरी रु ८ लाख विनियोजन गरेको छु।

- स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि चालु र पूँजीगत गरी १ करोड ६७ लाख ९४ हजार बजेट विनियोजन गरेको छु।

**शिक्षा**

- शिक्षा क्षेत्रको गुणस्तरियता अभिवृद्धि गरी बालमैत्री शिक्षण सिकाईका लागि पुर्व प्राथमिक तहमा न्यूनतम मापदण्डमा आधारित कक्षा कोठा र बसाइ व्यवस्थापनका लागि रु ४ लाख ५० हजार विनियोजन गरेको छु ।
- विद्यालयको भौतिक पूर्वधार निर्माण कार्यलाई निरन्तरता दिदै विद्यार्थी मैत्री पुर्वाधार निर्माण गर्न स्थानीय सरकारको साझेदारीमा विद्यालय भवन निर्माण गर्ने संघीय सशर्त अनुदान मार्फत रु १ करोड २० लाख विनियोजन गरेको छु।
- गाउँपालिका भित्रको समग्र शैक्षिक गुणस्तर सुधारका लागि पूर्वाधार विकास, प्राविधिक सामाग्री व्यवस्थापन, प्रभावकारी नियमन तथा विद्यार्थीमैत्री शिक्षण वातावरण निर्माणका लागि कार्यक्रम बनाइ कार्यान्वयन गर्न संघीय विशेष अनुदान मार्फत रु १ करोड ६५ लाख विनियोजन गरेको छु।
- उत्कृष्ट विद्यालय र विद्यार्थी सम्मान कार्यक्रम, भर्ना अभियान संचालन कार्यक्रम, पालिकास्तरिय आधारभूत तह उत्तीर्ण कक्षा ८ परिक्षा संचालन तथा व्यवस्थापन,स्थानीय पाठ्यक्रम सहयोग सन्दर्भ सामाग्री निर्माण, शैक्षिक जनशक्तिको क्षमता विकास, शैक्षिक बुलेटिन प्रकाशन लगाएतका नियमित कार्यक्रमहरुलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।
- लुम्बिनी प्रदेश सरकारको विशेष अनुदान मार्फत गौरीशंकर माध्यमिक विद्यालयको तला थपका लागि रु २० लाख, लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदान मार्फत नेपाल राष्ट्रिय माध्यमिक विद्यालय लुङ्ग्री-७ को भवन निर्माणका लागि रु ५० लाख, लुम्बिनी प्रदेश सर्शत अनुदान मार्फत ज्योती आधारभुत विद्यालय शौचालय निर्माण गर्न रु १० लाख, जनशिक्षा प्राथमिक विद्यालय, लुङ्ग्री-१ को भवन निर्माण गर्न रु ३० लाख, लालज्योती प्रा.वि, लुङ्ग्री-७ को भवन निर्माण गर्न रु ३० लाख विनियोजन गरेको छु।
- बराहक्षेत्र मा.वि भवनको तला थपको लागि रु ४० लाख, जनता प्रा.वि भवन निर्माण कार्य सम्पन्न गर्न रु ८ लाख र बालविकास प्रा.वि घोराढुङ्गा भवनको

संरक्षणका लागि संरचना निर्माण गर्न रु ३ लाख गाउँपालिका मार्फत विनियोजन गरेको छु।

- शिक्षा क्षेत्रको समग्र गुणस्तर सुधार तथा भौतिक संरचना निर्माण, कार्यालय संचालन र तलब खर्च समेत गरि रु २१ करोड ३५ लाख विनियोजन गरेको छु।

**कला, संस्कृति तथा पर्यटन**

- गाउँपालिका सांस्कृतिक सम्पत्तीको रुपमा रहेका मेला तथा महोत्सव, भाषा संस्कृति लगायत पर्यटकिय स्थलहरुको पहिचान, प्रवर्धन, संरक्षण, प्रचार प्रसार मार्फत पर्यटकको संख्या बृद्धि गाउँपालिका र वडाहरुबाट आवश्यक बजेट विनियोजन गरेको छु।
- लुङ्ग्री गाउँपालिका वडा नं.६ मा रहेको शिव मन्दिरमा शिलालेख पार्क निर्माण गर्न वडा नं.६ कार्यालय मार्फत रु ५ लाख विनयोजन गरेको छु।
- सिद्ध मन्दिर निर्माण लुङ्ग्री-१ को लागि रु १० लाख, सिद्धथान गौरा निर्माण लुङ्ग्री-५ को लागि रु २ लाख, गुम्चाल शिव मन्दिर जाने बाटो र गेट निर्माण लुङ्ग्री-६ को लागि रु १० लाख ५० हजार, देवालीथान देखि असोजेथानसम्म सिढी निर्माण लुङग्री-२ को लागि रु ३ लाख, मलेपोखरा मन्दिर निर्माण लुङ्ग्री-२ को लागि रु ५ लाख, माद्दर बराहथान घेराबार लुङ्ग्री-१ को लागि रु ५ लाख गाउँपालिका मार्फत विनियोजन गरेको छु।

**सामाजिक सुरक्षा, सामाजिक न्याय तथा लैङ्गिक समानता**

- जेष्ठ नागरिक तथा अशक्तको लागि घरमा नै सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्थाको लागि बैंकसँग समन्वय गरी वितरण कार्यलाई निरन्तरता दिइनेछ।
- बालबालिका, विपन्न महिला, दलित, अपाङ्ग, सहिद तथा घाइते परिवार लक्षित आयआर्जन तथा सशक्तीकरण लागि महिला तथा बालबालिका शाखा, लघु उद्यम विकास शाखा, बहुक्षेत्रिय पोषण कार्यक्रम मार्फत साझेदारीमा कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद्को पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ समेतको चरणको लागि आवश्यक तयारी गरिनेछ। विपद् न्यूनीकरण तथा प्रतिकार्यकालाई विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरिनेछ। उद्दार, राहत र

पुनःस्थापना मार्फत विपद् व्यवस्थापनलाई सम्बोधन गर्न रु १० लाख विनियोजन गरेको छु।

- गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिन संघीय सरकारबाट रु ४० लाख र गाउँपालिकाबाट रु ५ लाख गरि रु ४५ विनियोजन गरेको छु।
- महिला सशक्तिकरण तथा हिंसा न्युनिकरणका लागि साइबर अपराध र बालबिबाह सचेतना कार्यक्रम, महिलाहरुलाई आय आर्जनमा सहभागी गराउन दुना टपरी तालिम संचालन, महिला कानुनी अधिकार सम्बन्धी अभिमुखिकरण लगायतका कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई थप पारदर्शी बनाई एकद्वार प्रणालीबाट सामाजिक सुरक्षा वितरण गर्न आवश्यक सामाग्री खरिद र सचेतना कार्यक्रम संचालन गर्न रु ५ लाख विनियोजन गरेको छु।

**युवा, रोजगारी तथा खेलकुद**

- राष्ट्रिय रोजगार कार्यक्रमलाई उत्पादनमुलक क्षेत्रमा केन्द्रित गरिनेछ।
- राष्ट्रिय रोजगार कार्यक्रम मार्फत रोजगारी सिर्जनका लागि संघीय सशर्त अनुदान मार्फत २३ लाख ७२ हजार र गाउँपालिका मार्फत रु २३ लाख ७५ हजार गरी जम्मा रु ४७ लाख ४७ हजार विनियोजन गरेको छु।
- राष्ट्रिय रोजगार कार्यक्रम मार्फत द्वन्द पिडितका लागि आयमुलक कार्यक्रम संचालन गर्न रु ३ लाख र ड्राइभिङ तालिम संचालन गर्न रु ४ लाख २० हजार विनियोजन गरेको छु।
- रोजगार सेवा केन्द्र मार्फत कार्यक्रम संचालन तथा प्रशासनिक खर्चको लागि संघीय सशर्त अनुदान मार्फत रु ३७ लाख र गाउँपालिका मार्फत रु ४० लाख गरी जम्मा रु ७७ लाख विनियोजन गरेको छु।
- हार्जङ युवा क्लबको खेलकुद फिल्ड निर्माणको लागि रु ५ लाख, जंगाधारा खेलकुद फिल्ड निर्माणको लागि रु ३ लाख विनियोजन गरेको छु।
- युवा उद्यमी विकास कार्यक्रम मार्फत रोजगारी सिर्जना गर्नका लागि गाउँ युवा परिषद् मार्फत कार्यक्रम संचालन गर्न रु १० लाख विनियोजन गरेको छु।

- लघु उद्यम विकास कार्यक्रम मार्फत आय आर्जन वृद्धि गर्न संघीय सर्शत अनुदान मार्फत रु १४ लाख र गाउँपालिकाबाट रु ५ लाख गरी १९ लाख विनियोजन गरेको छु।

- विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गर्न  रु १२ लाख विनियोजन गरेको छु।
- अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन गर्नका लागि रु १२ लाख बजेट विनियोजन गरेको छु।

**सुशासन**

- कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास गरी शासन संचालन तथा सेवा प्रवाहमा गुणस्तरीयता अभिबृद्धि गर्न कर्मचारी र जनप्रतिनिधि तालिमका लागि रु १० लाख विनियोजन गरेको छु।साथै विषयगत शाखा र वडा मार्फत सम्बन्धित कर्मचारीहरुको क्षमता विकासको लागि कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- विगतका आर्थिक वर्षहरूमा महालेखा परीक्षकको कार्यालयबाट बेरुजुको रुपमा औंल्याइएको बेरूजू रकम असुलीको कार्यलाई प्राथमिकताका साथ गरिनेछ ।
- नयाँ प्रशासकीय भवनबाट सेवा प्रवाहको लागि आवश्यक पर्ने भौतिक सामाग्री खरिद तथा डेकोरेशन, इन्टनेट र CCTV  जडान, डिजिटल नागरिक वडापत्र लगायत सामाग्री र प्रणाली खरिद तथा व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- कानून बमोजिम महंगी भत्ता पाउने कर्मचारीहरुको संघीय सरकारले वृद्धि गरे अनुसारको महंगी भत्ता वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।
- गाउँपालिका अन्तरगत विभिन्न कार्यालयमा करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई कार्यविधि बनाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न आवश्यक रकमको लागि रु २० लाख विनियोजन गरेको छु।
- ४ नं. वडा कार्यालयको भवन निर्माणका लागि घडेरी निर्माण गर्न ४ नं. वडा कार्यालय मार्फत रु २० लाख विनियोजन गरेको छु।

## गैर सरकारी संस्थासँग साझेदारी

- स्ट्रोम फाउन्डेशन नेपाल र मानव अधिकार सचेतन केन्द्र हुरेक नेपाल रोल्पाको साझेदारी तथा लुङ्ग्री गाउँपालिकाको समन्वयमा यस गाउँपालिकाको वडा नं. ५, ६ र ७ मा समावेशी तथा गुणस्तरीय शिक्षा, मानसिक स्वास्थ्य, जीविकोपार्जन सबलीकरण कार्यक्रम संचालन गर्न सम्बन्धित गैर सरकारी संस्था मार्फत १ करोड ९१ लाख ३५ हजार ७ सय ५६ विनियोजन गरेको छु।
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१ अनुसार स्थानीय स्थानीय पूर्वाधार सहयोग कार्यकम र लुङग्री गाउँपालिकाको साझेदारीमा योजनाहरु बनाई कार्यान्वयन गर्न स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको तर्फबाट रु २ करोड ७७ लाख र गाउँपालिकाको तर्फबाट रु १ करोड ८४ लाख ७० हजार गरी कुल ४ करोड ६१ लाख ७० हजार विनियोजन गरेको छु।
- स्थानीय पूर्वाधार सहयोग कार्यक्रम साझेदारीमा ऐपे खानेपानी योजनाका लागि रु ५० लाख, किलाचौर-ताराहन्ने मोटरबाटो स्तरउन्नती योजनाको निरन्तरताका लागि रु २ करोड, तल्लो गुम्चाल खानेपानी योजनका लागि रु ४० लाख, उदिनढुङ्गा-भैसाछोपे-हार्जङ-झरिबाङ मोटरबाटो स्तरउन्नतीको लागि रु ३० लाख, जाजाखोला खानेपानी योजनाको लागि रु १५ लाख विनियोजन गरेको छु।
- गाउँपालिकाको आवश्यकता अनुसार प्राथमिकता प्राप्त क्षेत्रमा प्रस्तावना अनुसार अन्य गैर सरकारी सस्थाहरुसंग साझेदारीमा कार्यक्रम संचालनका लागि रु ५ लाख विनियोजन गरेको छु।

## राजश्व प्रशासन

- गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न राजश्वका आवश्यक स्रोत खोजी गरिनेछ। करको दर भन्दा दायरा अभिवृद्धिमा जोड दिइनेछ। कर तथा गैर करका साविकका दरहरुलाई नै निरन्तरता दिइएको छ।
- संविधान र कानून बमोजिम मूल्याङकनको आधारमा सम्पत्ति कर उठाउन सम्पत्तिको मूल्याङकन गर्न तथा करदाता शिक्षाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

आगामी आ.व. २०८२/८३ को लागि क्षेत्रगत रुपमा आर्थिक विकासमा १ करोड ३४ लाख, सामाजिक विकासमा २९ करोड ९३ लाख ७३ हजार ९ सय ४१, पूर्वाधार विकासमा ५ करोड १४ लाख ४५ हजार ७ सय, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १ करोड ३२ लाख ५० हजार र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा ११ करोड २१ लाख ९७ हजार ३ सय गरी कुल बजेट रु **४८ करोड ९६ लाख ६६ हजार ९ सय ४१ संचित कोषबाट खर्च हुने गरी** विनियोजन गरेको छु। जसमध्ये चालू खर्च तर्फ रु ३४ करोड ८२ लाख ७० हजार र पूँजीगत तर्फ १४ करोड १३ लाख ९६ हजार ९ सय ४१ विनियोजन गरेको छु।

अन्त्यमा, आर्थिक वर्ष २०८२।८३ को बजेट निर्माण कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरू, राष्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दलहरू, सहिद परिवार तथा घाइते अपाङ्ग योद्धाहरु, शिक्षक, बुद्धिजीवी, सुरक्षाकर्मी, पत्रकार, गैरसरकारी संघसंस्थाहरू लगायत आम नागरिकमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

धन्यवाद ।।।

दिल कुमारी गुरुङ
उपाध्यक्ष
लुङ्ग्री गाउँपालिका